## मिति २०७३/०४/१८ मा बसेको सचिव बैठकका निर्णयहरु

| क्र.सं. | निर्णयहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| १. | श्रावण ३ गते बसेको सचिव बैठकको निर्णय अनुसार नेपालको संविधानको धारा ५३ बमोजिम राज्यका निर्देशक सिद्धान्त नीति र दायित्व कार्यान्वयन सम्बन्धमा भए गरेका काम र प्राप्त उपलब्धी सहितको बार्षिक प्रतिवेदनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार महाशाखाले तयार गरेको ढाँचा बमोजिम माग गरिएको विवरण अनिवार्य रुपमा तोकिएको समय सीमा श्रावण २० भित्र उपलब्ध गराउने। यसरी प्रतिवेदन पठाउँदा आफ्ना मातहत निकायहरुबाट विवरण संकलन गरी प्रस्तुत ढाँचामा एकिकृत प्रतिवेदन तयार गरी पठाउने। | सबै मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालय/केन्द्र | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (शासकीय सुधार महाशाखा) | श्रावण २० भित्र |
| २. | सहसचिवहरुको का.स.मू. का सम्बन्धमा मुख्यसचिवको सचिवालयबाट पत्राचार भएको मिति २०७३।०१।१२ को निर्देशन र सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।०३।०५ को परिपत्र बमोजिमका आधारहरु समेत संलग्न राखी मूल्याङ्कन गरि फाराम पठाउने व्यवस्था गर्ने। | सबै मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालय/केन्द्र | सामान्य प्रशासन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तत्काल |
| ३. | मन्त्रिपरिषद्मा पेश गरिने प्रस्ताव र निर्णय कार्यान्वयनमा समन्वय र सहजिकरण गर्नका लागि कम्तिमा उपसचिवस्तरको पदाधिकारीलाई Focal Person तोकी सोको जानकारी पठाउने। | सबै मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालय/केन्द्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा) | निरन्तर |
| ४. | प्रशासन पुनःसंरचना सम्बन्धी समूहगत कार्यदल अन्तरगत समूहीकृत ५ वटा Thematic Areas मा विभिन्न मन्त्रालय तथा निकायबाट प्रतिनिधित्व भएका छन। यसरी प्रतिनिधित्व भएका र नभएका निकायहरुबाट समेत आवश्यक सहयोग, समन्वय र सहजीकरण गरी समयमै कार्यसम्पादन गर्न सहयोग गर्ने। | सबै मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालय/केन्द्र | सामान्य प्रशासन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (शासकीय सुधार महाशाखा) | निरन्तर |
| ५. | सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ बमोजिम | सबै मन्त्रालय/ | प्रधानमन्त्री तथा | प्रधानमन्त्री तथा | |

मुख्य सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | शासकीय सुधार तथा सुशासन सम्बन्धी प्रतिवेदन २०७२/०७३ को तयारीको लागि यस कार्यालयको शासकीय सुधार महाशाखाबाट माग भए बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरी श्रावण मसान्त सम्म उपलब्ध गराउने। | आयोग/ सचिवालय/ कार्यालय/केन्द्र | मन्त्रिपरिषद्को कार्यालय (शासकीय सुधार महाशाखा) | मन्त्रिपरिषद्को कार्यालय (शासकीय सुधार महाशाखा) | |
| ६. | गत आ.व. मा मन्त्रिपरिषद् र मन्त्रिपरिषद्को समितिमा विभिन्न मन्त्रालयबाट प्राप्त प्रस्तावहरु अनुसार नीति, रणनीति, निर्देशिका, कार्ययोजना, निर्णय र आदेश सम्बन्धी भएका निर्णयहरुको कार्यान्वयन अवस्था प्रगति विवरण हाल सम्म नपठाएका निकायहरुले ७ दिन भित्र यस कार्यालयमा पठाउने व्यवस्था गर्ने। | सबै मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालय/केन्द्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा) | |

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं